**पोखरा विश्वविद्यालय**
**विज्ञान तथा प्रविधि संकाय**
**स्नातकोत्तर तहका कार्यक्रमहरुको**
**छात्रवृत्ति सम्बन्धि विस्तृत सूचना**

**(प्रथमपटक प्रकाशित मिति २०८२/१२/०५ गते विश्वविद्यालयको वेभसाइटमा)**

पोखरा विश्वविद्यालयका आङ्गिक, संयुक्त आङ्गिक र सम्बन्धन प्राप्त स्कुल तथा कलेजहरूमा पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ बमोजिम निःशुल्क छात्रवृत्ति अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएको हुँदा निम्न योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ । विश्वविद्यालयलाई प्राप्त हुनजाने छात्रवृत्ति कोटाहरू मध्ये स्थानीय छात्रवृत्ति र शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्तिको कोटा बाहेक ६० प्रतिशत कोटा खुला र ४० प्रतिशत कोटा **अपाङ्ग, सहिद तथा जनआन्दोलन घाइते पीडित, दुर्गम, दलित, जनजाति र मधेसी समुदायलाई** सुरक्षित गरिने छ । खुला र आरक्षित दुवै प्रकारका छात्रवृत्ति कोटामा **महिलाहरूका लागि ५०/५० प्रतिशत छात्रवृत्ति कोटा** सुरक्षित गरिनेछ ।

उल्लेख भए अनुसारको विश्वविद्यालयलाई प्राप्त हुनजाने निःशुल्क छात्रवृत्ति कोटामा नियमानुसार सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेका र छात्रवृत्ति छनौट प्रवेश परीक्षामा समेत सफल भएका उम्मेदवारहरुलाई दोस्रो चरणसम्मको (Scholarship Awarded List-II) छात्रवृत्ति वितरण गरी सकेपछि पनि कोटा रिक्त रहन गएमा सार्वजनिक विद्यालय (कक्षा ६ देखि १० सम्म अध्ययन गरेका बाहेक) र संस्थागत विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका उम्मेदवारहरुलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध गराइनेछ । सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसइइ वा एसएलसी उत्तीण गरेका आवेदक बिद्यार्थीहरुले खुल्ला छात्रवृत्ति, स्थानिय छात्रवृत्ति, दलित छात्रवृत्ति, जनजाति छात्रवृत्ति, दुर्गम छात्रवृत्ति, अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति र मधेसी समुदाय छात्रवृत्तिमा आवेदन गर्दा अनिवार्य रुपमा संलग्न बमोजिमको अनुसूचि-२ अनुसारको ढाँचामा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरेको पुष्टी हुने कागजात पेश गर्नुपर्ने छ । साथै सार्वजनिक विद्यालय (कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका बाहेक) र संस्थागत विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका उम्मेदवारहरुले तोकिएको कागजातहरु बाहेक कुनै पनि प्रकारका सिफारिस पत्र पेस गर्नुपर्ने छैन ।

उम्मेदवारहरुबाट स्नातकोत्तर तहको एउटा क्याटगरी (जस्तै Category A,B,C,D,E र F) भित्रको मात्र छात्रवृत्ति कार्यक्रममा आवेदन दिनको लागि आवेदन शुल्क रु.२०००।-(अक्षेरुपी दुइहजार मात्र) बुझाउनुपर्ने छ । एकभन्दा वढी Category मा आवेदन दिने हो भने प्रत्येक Category को थप शुल्क रु.२०००।- का दरले दरखास्त दस्तुर बुझाउनुपर्ने छ । दरखास्त दस्तुर तपशिल बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ । रकम जम्मा गरेको **सक्कल भौचरमा** अनिवार्य रूपमा Transaction ID राखी अनलाइन दरखास्त फाराम सँगै पेस गर्नुपर्नेछ । Transaction ID बैंक भौचरमा बैंकलेनै राखिदिनेछ । Transaction ID बैंकले उल्लेख गरेको छ छैन भन्ने कुरा सम्बन्धित उम्मेदवारहरुले बैंक भौचरको प्रतिलिपि लिदा अनिवार्य चेक गर्नुपर्नेछ । Phone Pay or e-Sewa मार्फत पनि तोकिएको दरखास्त दस्तुर भुक्तानी गर्न सकिनेछ । e-Sewa मार्फत भुक्तानी गर्दा Phone Pay optional लाईनै छनौट गरेर गर्नुपर्नेछ । भुक्तानी गरिएको रकमको भौचर वा Screen shot र Transaction ID अनिवार्य अनलाइन दरखास्त फाराम भर्दा समावेश गरिएको हुनुपर्नेछ । अन्यथा अनलाइन फारम नियमानुसार रद्ध **हनेछ** । तोकिएको छात्रवृत्ति दस्तुर सहित बुझाएको अनलाइन दरखास्त फाराम आवेदकको कुनै पनि कमजोरीका कारणबाट अस्वीकृत हुन गएमा रकम फिर्ता हुनेछैन ।

| | |
|---|---|
| Account Holder's Name: **Faculty of Science & Technology-PU** | Bank: **Kamana Sewa Bikas Bank Ltd.** |
| Account Number : **01713400026667000007** | **Branch: Dhungepatan** |

**१. छात्रवृत्तिको प्रकार :-**

**क)** खुल्ला छात्रवृत्ति **ख)** स्थानिय छात्रवृत्ति **ग)** दलित छात्रवृत्ति **घ)** जनजाति छात्रवृत्ति **ङ)** दुर्गम छात्रवृत्ति **च)** अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **छ)** शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज)** मधेसी समुदाय छात्रवृत्ति ।

२. विज्ञान तथा प्रविधि संकाय अन्तर्गत स्नातकोत्तरतहका छात्रवृत्ति कार्यक्रमहरु, कोटा र क्याटगोरी सम्बन्धी जानकारी

| S.N. | Program | School/ College | Scholarship Quota | Category |
|---|---|---|---|---|
| 1 | Master of Computer Engineering | NCIT | 3 | A |
| | | EEC | 3 | |
| 2 | Master of Science in Computer Science | NCIT | 3 | |
| 3 | Master of Science in Structural Engineering | OCEM | 2 | B |
| | | CCMT | 2 | |
| 4 | Master of Science in Transportation Engineering and Management | U-Tech | 3 | |
| | | UESC | 3 | |
| | | NEC | 3 | |
| 5 | Master of Science in Environmental Science and Management (Climate Change) | SchEMS | 3 | C |
| 6 | Master of Science in Interdisciplinary Water Resources Management | NEC | 3 | |
| 7 | Master of Science in Construction Management | LEC | 3 | F |
| | | MBCE | 2 | |
| | | NEC | 3 | |
| | | PEC | 3 | |
| | | U-Tech | 2 | |
| | | UESC | 2 | |

**List of Colleges**

| S.N. | School/College acronym | School/College Name and Address |
|---|---|---|
| 1 | LEC | Lumbini Engineering College, Bhalwari, Butwal |
| 2 | MBCE | Madan Bhandari College of Engineering, Urlabari, Morang |
| 3 | NCIT | Nepal College of Information Technology,Balkumari, Lalitpur |
| 4 | NEC | Nepal Engineering College, Changunarayan, Bhaktapur |
| 5 | SchEMS | School of Environmental Science and Management, Koteshwor, Kathmandu |
| 6 | U-Tech | United Technical College, Bharatpur-11, Chitwan |
| 7 | UESC | Universal Engineering and Science College, Lalitpur |
| 8 | EEC | Everest Engineering College, Lalitpur |
| 9 | OCEM | Oxford College of Engineering and Management, Gaidakot, Nawalpur |
| 10 | CCMT | Cosmos College of Management and Technology, Lalitpur |

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(क) उम्मेदवार **नेपाली नागरिक हुनुपर्नेछ** ।

(ख) स्नातकोत्तर तहमा आवेदन दिनकोलागि स्नातक तह वा सो सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तीर्ण भएको मितिले ३ वर्ष भन्दा बढी अवधि (शैक्षिक प्रमाण पत्रमा उल्लेख भएको completion date बाट छात्रवृत्तिको सूचनामा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा completion date (Year-Month-Date) प्रष्ट नखुलेको अवस्थामा सम्बन्धित परीक्षाबोर्ड/परीक्षा नियन्त्रण कार्यालयले नै completion date (Year-Month-Date) खुलाएको प्रमाणित कपी सम्बन्धित उम्मेदवारले अनिवार्य दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(ग) स्नातकोत्तर तहमा आवेदन दिनकोलागि स्नातक तहमा **कम्तिमा दोस्रो श्रेणीमा उत्तिर्ण** गरेको हुनुपर्नेछ वा **न्युनतम सिजिपिए २.०** (कम्तिमा दोस्रो श्रेणी) हुनुपर्नेछ ।

(घ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि तोकेको (अछाम, कालिकोट,जाजरकोट,जुम्ला, डोल्पा,बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्ला/क्षेत्र मा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्र को सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनगरी प्रवेशिका परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ । स्थायी बसोबासको सिफारिस पनि सम्बन्धित स्थानिय तहबाट ।

(ङ) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित स्थानिय तहबाट/जनजातिका लागि आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा वा सम्बन्धित स्थानिय तहबाट । अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहीद परिवारका छोराछोरीको हकमा समेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट । मधेशी आरक्षण सीटका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भए अनुसारको जातिहरु हुनुपर्नेछ ।

(च) स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरु पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिक हुनुपर्नेछ र यो छात्रवृत्ती प्राप्त गर्नेले पोखरा विश्वविद्यालयको आंगिक स्कूल अफ् इन्जिनियरिङमा अध्ययन हुने स्नातकोत्तरतहका कार्यक्रममा अध्ययन गर्नुपर्नेछ । विश्वविद्यालयको निर्णय अनुसार यस स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरु मध्ये सबैभन्दा उच्च अंक प्राप्त गर्ने उम्मेदवारलाई स्थानिय छात्रवृत्तीका लागि छनौट गरिनेछ र अन्य उम्मेदवारहरुका हकमा निजहरुको मेरिट अंकका आधारमा नियमानुसार खुल्ला छात्रवृत्तीमा समावेश गरिनेछ ।

(छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ । साथै आवेदकले आफ्ना अभिभावक पो.वि. सेवामा कार्यरत रहेको परिचय खुल्ने परिचय पत्रको फोटोकपी, अभिभावक कार्यरत सम्बन्धित कार्यालयको सिफारिस पत्र र पो.वि. सेवामा कार्यरत अभिभावक सँगको नाता खुल्ने नाता प्रमाणित प्रमाणपत्र स्थानिय तहबाट सिफारिस भएको कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**४.उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

४.१ सरकारी सामुदायिक विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरुले पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको सम्बन्धित स्थानिय तहबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(घ) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ङ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(च) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(छ)जनजातिले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित स्थानिय तहबाट आदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ज) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित स्थानिय तहबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(झ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ञ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि

४.२ संस्थागत वा निजी विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**५. अनुसूचि-२ को दरखास्त फाराम** पोखरा विश्वविद्यालयको वेभसाईट www.pu.edu.np/or https://scholarship.pu.edu.np/ मा गइ Download गरि भरी अनलाइन मार्फत पेश गर्नुपर्नेछ ।

**६. अनलाइन दरखास्त फाराम भर्ने** : २०८२/१२/०५ गते बिहिवारदेखि (March 19, 2026)
**७. अनलाइन दरखास्त दिने अन्तिम मिति** : २०८३/०१/०७ सोमबार बेलुका १२:०० वजे सम्म (April 20, 2026)
**८. परीक्षा हुने मिति :** २०८३/०१/१३ गते आइतबार (April 26, 2026)
**९. परीक्षाको किसिम :** लिखित

(वस्तुगत)
**१०. लिखित परीक्षाको समय : ३ घण्टा ।**

**११. परीक्षा हुने केन्द्र र समय : क) स्कुल अफ ईन्जिनियरिङ्ग,पो.वि. पोखरा-३०, ढुंगेपाटन, कास्की ।**
**ख) श्रमिक शान्ती क्याम्पस, च्यासल, ललितपुर ।**
**समय : विहान ८ वजे देखि ११ वजे सम्म (Categories– A र B)**
**दिउसो १ वजे देखि ४ वजे सम्म (Categories– C र F)**

<u>सम्पर्कको लागि</u>

विज्ञान तथा प्रविधि संकाय, पोखरा विश्वविद्यालय, पोखरा-३०, ढुङ्गेपाटन कास्की, फोन : ०६१-५०४०७५

**विज्ञान तथा प्रविधि संकाय**
**स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समिति, २०८२**
**पोखरा विश्वविद्यालय**